# सुम्निमा उपन्यासको परिवेशीय मिथक

विन्दु पौड्याल (वस्ती)[1]

**सार**

*(विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली कथा जगत्को मुर्धन्य व्यक्तित्व हुन् । उनले मनोविश्लेषणात्मक उपन्यासहरूको सिर्जना गरेका छन्, जसमध्ये सुम्निमा पनि एक हो । किँराती र आर्य संस्कृतिका पात्रहरूको सिर्जना गरी त्यसमा किँराती र आर्य समाजका मिथकहरूको संयोजन गरेर उपन्यासको कथावस्तुलाई जीवन्त बनाइएको छ । यस उपन्यासको विषयवस्तुगत पृष्ठभूमि अति प्राचीनतम् हुनुका साथै किँराती जनश्रुति र मिथकलाई समायोजन गरी अतीतको धमिलो संस्करणात्मक कल्पनाको स्वैरकल्पित, प्रतीकात्मक र सङ्केतात्मक प्रस्तुतिमा अभिव्यक्ति हुन गएको स्पष्टतः देखा पर्छ । उपन्यासकारले विषयवस्तु सुरु हुनभन्दा अगाडि नै उपकथा शीर्षकमार्फत यसको कथावस्तुलाई सत्य र असत्यको तराजुमा नजोखिने एउटा यात्रा वृत्तान्त हो र यसको महत्त्व पौराणिक छ, सङ्केतमय र प्रतीकात्मक भने तापनि किँराती मिथकलाई अगाडि सारेर लेखिएकाले यस उपन्यासलाई निकै रोचक र मिथकप्रधान मान्न सकिन्छ ।)*

**प्रमुख शब्दहरू:** आस्थाको अतिशयता, प्राचीनतम् पौराणिक, प्रतिकात्मक सङ्तेजनित यथार्थ, मिथकीय समाज, संस्कृति ।

## विषय परिचय

विश्वेश्वरप्रसाद कोइराला (१९७१-२०३९) आधुनिक नेपाली फाँटका एक सशक्त प्रतिभा हुन् । नेपाली साहित्यमा अराजकतावादी विचार बोकेका कोइराला नेपाली साहित्यको आख्यान विधामा सर्वप्रथम पाश्चात्य साहित्यको आमन्त्रण गर्ने प्रथम आख्यानकार मानिन्छन् । सुरूमा हिन्दी साहित्यमा कलम चलाएका कोइराला शान्तिप्रिय द्विवेदी र सूर्यविक्रम ज्ञवालीको प्रेरणाले गर्दा नेपाली साहित्यमा भित्रिएको पाइन्छ । नेपाली साहित्यमा प्रथम पटक चन्द्रवदन (१९९२) कथा लिएर भित्रिएका कोइरालाले कविता, निबन्ध, उपन्यास, जीवनी, आत्मवृत्तान्त आदि विधामा समेत कलम चलाएको पाइन्छ । कोइरालाले कलम चलाएका अनेक विधाहरूमध्ये मूलतः आख्यान विधा नै बढी चर्चित मानिन्छ । कोइरालाको कलमबाट चर्चित छ वटा औपन्यासिक कृतिहरूको रचना भएको पाइन्छ । ती कृतिहरू तीनघुम्ती (२०२५), नरेन्द्रदाइ (२०२६) सुम्निमा (२०२७), मोदीआइन (२०३७), हिटलर र यहुदी (२०४०) र बाबु आमा र छोरा (२०४५) रहेका छन् । कोइरालाका उपन्यासको वर्गीकरण र विश्लेषण गर्ने क्रममा सुम्निमा उपन्यास तेस्रो औपन्यासिक कृति हो । कोइरालाले यस उपन्यासमा आर्य संस्कृति र अनार्य संस्कृतिलाई क्रमशः अध्यात्मवाद र भौतिकवादको प्रतीकका रूपमा सोमदत्त र सुम्निमालाई समायोजन गरी किँरात देशको मिथकीय कथा भनेको पनि पाइन्छ ।

प्राचीन समयदेखि मिथक हरेक समाजमा रहेको र समाजका धार्मिक- सांस्कृतिक, साहित्यिक, राजनीतिक आदिको मुख्य स्रोत भएको देखिन्छ । मिथक निर्माणमा सामूहिक मानसिकताको भूमिका रहेको हुन्छ र यसको अस्तित्व पनि समूहमा नै रहन्छ । मिथकको स्वरूप काल्पनिकजस्तो देखिए पनि यसमा जीवनजगत्सम्बन्धी गम्भीर रहस्य लुकेको हुन्छ भन्ने मान्यता

१ पौड्याल सप्तगण्डकी क्याम्पस नेपाली विभागका उप-प्राध्यापक हुनुहुन्छ ।

© The Saptagandaki Journal. All Rights Reserved 

रहेको छ । आदिम मानवले प्रकृति, ब्रह्माण्ड, प्राणी जगत्, समाज र मानव स्वयंको अवलोकन गरेर प्राप्त गरेको तथ्य नै मिथकका रूपमा व्यक्त भएका हुन् । यिनै मिथक परम्परागत रूपमा हस्तान्तरित ढाँचा ज्ञान विज्ञानको स्रोत हुँदै आएको छ । मिथकमा साहित्यका आधारभूत ढाँचा, वस्तु, पात्र, परिवेश, भाषिक विशिष्टता जस्ता पक्ष रहने हुँदा साहित्यमा तिनै मिथकीय गुण आनुवंशिक रूपमा आएका हुन्छन् भन्ने मान्यतालाई यहाँ उपन्यासमा केन्द्रित भई हेरिएको छ । उपन्यास गद्य महाकाव्यको प्राचीन विधा भएको हुँदा यो मिथकात्मक हुन्छ र उपन्यासको गाम्भीर्यलाई मिथकीय सिद्धान्तका आधारमा विश्लेषण गर्दा त्यसका परिवेशीय वैशिष्ट्यको सही निरूपण हुने देखिन्छ ।

त्यसैले यहाँ सुम्निमा उपन्यासको विश्लेषण गर्नका निम्ति पूर्वीय मिथक सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

## मिथकको सैद्धान्तिक अवधारणा

अङ्ग्रेजी 'मिथ' शब्दको समानार्थी वा पर्यायका रूपमा नेपाली पुराकथा, पुराण विद्या र आदिमता जस्ता शब्दको प्रयोग छिटफुट रूपमा नेपाली वाङ्मयमा भएको पाइन्छ। हिन्दी साहित्यमा भने मिथक शब्दको चलन हजारीप्रसाद द्विवेदीले चलाएका हुन् । उनले मिथमा 'क' प्रत्यय जोडेर मिथक शब्द बनाएका हुन्,(सिंह, सन् १९९९:१२) मिथक भन्नाले त्यस्तो कुराको बोध हुन्छ जसमा देवी,देवता, राक्षस आदि अतिप्राकृतिक तत्त्वको ठूलो भूमिका रहन्छ । नेपाली वृहत् शब्दकोशले मिथकलाई पुराकथाका रूपमा चिनाएको छ। नेपाली साहित्यमा जगदीशशम्शेर राणाले 'दश दृष्टिकोण' नामक कृतिमा मिथका ठाउँमा मिथक शब्दको प्रयोग उपयुक्त हुने विचार प्रस्तुत गरेका छन् (राणा, २०४५:२९८) । मिथक संस्कृत शब्द नभए पनि यससँग मिल्दाजुल्दा शब्दका रूपमा मिथस वा मिथ र मिथ्यालाई मानिन्छ । परस्पर र असत्यको अर्थका रूपमा क्रमशः मिथस र मिथ्यालाई लिइन्छ । मिथकलाई मिथससँग सम्बन्धित गरेर हेर्ने हो भने सत्य र कल्पनाको परस्पर अभिन्न सम्बन्ध भन्ने बुझिन्छ भने मिथ्यासँग सम्बन्धित गरेर हेर्दा कपोलकथा भन्ने बुझिन्छ (नगेन्द्र,सन् १९८७ : १३) । सारमा भन्नुपर्दा अङ्ग्रेजी शब्द मिथको ध्वनि र अर्थका साम्यताका आधारमा मिथकको प्रयोग गरिएको हुनाले मिथ शब्दले वहन गर्ने अर्थका आधारमा नै मिथक शब्दलाई व्यवहारमा प्रयोग गरिनु पर्दछ ।

साहित्यमा मिथकका विविध अर्थलाई अभिव्यक्त गर्ने सामर्थ्य रहेको हुन्छ। कुनै पनि देशको साहित्य आफ्नो मिथकीय परम्परामा सम्बद्ध रहेको हुन्छ। मिथक र साहित्यको सम्बन्ध नजिक रहेको छ। साहित्यकारले मिथकका माध्यमबाट आफ्नो जातिको वैयक्तिक वा सामूहिक भाव वा विश्वासलाई बाँडिदिन्छ । पूर्व र पश्चिम दुवै तर्फका साहित्यका लागि मिथक स्रोतको रूपमा रहेको छ। यो साहित्यका लागि सुन्दर, प्रभावशाली र कलात्मक अभिव्यक्तिको आधार हो । कृतिलाई सार्वभौम, सर्वकालिक बनाउनका लागि मिथकको प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ। नेपाली साहित्यमा पनि यस्ता थुप्रै कृतिहरू देखा पर्दछन् जुन मिथकको प्रयोगबाट युगीन र सार्वभौम सत्यलाई उद्भाषित गर्न सक्षम भएका छन् । आवश्यकताअनुसार कृतिको कुनैपनि स्थानमा मिथकीय सन्दर्भको उपयोगले वस्तु र शिल्प दुवैमा नयाँ आयाम थपेको हुन्छ । साहित्यमा मूल मिथकको विपरीत प्रयोग पनि पाइन्छ । मूल मिथकलाई परिवर्तन गरेर रचनाकार आफ्नो अभिव्यक्तिलाई प्रभावकारी बनाउन सक्छ ।

 © The Saptagandaki Journal. All Rights Reserved

आवश्यकताअनुसार कृतिको कुनै पनि स्थानमा मिथकीय सन्दर्भको उपयोगले वस्तु र शिल्प दुवैमा नयाँ आयाम थपेको हुन्छ । साहित्यमा मूल मिथकको विपरीत प्रयोग पनि पाइन्छ । मूल मिथकलाई परिवर्तन गरेर रचनाकार आफ्नो अभिव्यक्तिलाई प्रभावकारी बनाउन सक्छ। मिथकीय समालोचना साहित्यिक कृतिको विश्लेषण गर्ने महत्त्वपूर्ण प्रणालीका रूपमा विकसित भएको छ। यसले साहित्यिक कृतिमा प्रयुक्त मिथकका आधारमा कृतिको विश्लेषण गर्ने हुँदा यसको पहिलो विवेच्यबिन्दु कृतिमा प्रयुक्त मिथक नै हो । जसरी मानिसमा भौतिक वा जैविक वस्तु वंशानुगत प्राप्त हुन्छ त्यसरी नै मिथक पनि साहित्यमा वंशानुगत आएको हुन्छ भन्ने मान्यता यस प्रणालीको रहेको छ। यस सिद्धान्तअनुसार आदिम मानवले सहजरूपमा मिथक निर्माण गरेको हो र त्यो निर्माण प्रक्रिया कुनै परिश्रम साध्य नभएर संवेगमय, सहजानुभूतिपूर्ण भएको हो ।

## मिथकीय परिवेश

आदिम मानवद्वारा कल्पित विशिष्ट परिवेश नै मिथकीय परिवेश मानिन्छ। मिथकमा प्रयोग गरिने परिवेश स्थान र काल विशिष्ट हुनुमा स्थानातीत स्थान र कालातीत कालको भूमिका रहेको छ । सामान्य रूपमा स्वर्ग, नरक, वैकुण्ठ, गोलोक, त्रिभुवन, चौदहभुवन, वायुलोक, सूर्यलोक, चन्द्रलोक आदि अनेक अदृश्य लोकहरू र वृन्दावन, अयोध्या, द्वारका, मुक्तिनाथ, स्वर्गद्वारी, जेरुसेलम, मक्कामदिना जस्ता यथार्थलोकप्रति अतिशय आस्था भएका स्थानहरू मिथकीय परिवेशका रूपमा उपयोग भएका देखिन्छन् । सत्य, त्रेता, द्वापर र कलियुग, चौदह मन्वन्तर, कल्प, कल्पान्तर, प्राचीन समय, एकादेश आदि समय नै कालातीत कालका रूपमा प्रयोग भएका देखिन्छन् । मिथक र मिथकीय साहित्यमा स्थान र काल विशिष्ट बनाएर तिनमा अद्भूत वा रहस्यात्मकताको सन्धान गरिन्छ। उपन्यसमा कथावस्तुमा चमत्कार ल्याउन, नायकको अतिशय वीरता प्रदर्शन गर्न, जीवन र जगत्का रहस्य प्रकट गर्न, उपन्यसलाई साधारणीकृत गरेर सार्वजनीन एवं सार्वकालिक बनाउन मिथकीय परिवेश उपयोग भएको हुन्छ। यस प्रकारका मिथकीय परिवेशले आदिम मानवका ब्रह्माण्डसम्बन्धी चिन्तन, यथार्थतालाई बोध गर्ने ढाँचा, सामाजिक विधिनिषेध आदिलाई बुझाएको देखिन्छ । स्वर्ग, नरक, आकाश, पाताल आदि स्थानसँग सामाजिक विधिनिषेधका अनेक मिथकहरू बनेका पाइन्छन् । परिवेशले सांस्कृतिक विशिष्टतालाई समेत झल्काउने देखिन्छ । वन्य, सहरी, ग्रामीण अनेक परिवेशहरूले मिथकीय बनेर यथार्थ र सामान्य परिवेशलाई विशिष्टीकृत गरेको पाइन्छ। उपन्यसमा प्रयुक्त मिथकीय परिवेश र त्यसले दिने प्रतीकात्मक, व्यञ्जनात्मक र आस्थाको अतिशयतालाई विश्लेषण गरेर औपन्यासिक मर्म उद्घाटन गर्न सकिने हुँदा मिथकीय परिवेश उपन्यास विश्लेषणको महत्त्व पक्ष मानिन्छ।

## सुम्निमा उपन्यासको सङ्क्षिप्त कथावस्तु

सुम्निमा उपन्यासको विषयवस्तु मिथकीय कुरालाई आधार मानेर तयार गरिएको हो भन्ने कुरा उपन्यासकारले स्वयम् नै स्वीकारेको देखिन्छ। विश्वामित्रको आश्रम त्यतिबेला यज्ञवेदी, पाठपूजा र धार्मिक स्थलको रूपमा चर्चित थियो। सहस्र वेदका पाठहरू उच्चरित हुने हुँदा त्यहाँ रमाइलो वातावरणको सिर्जना हुन्थ्यो । उपन्यासमा उपन्यासकारले सूर्यदत्तको परिवारले घर छोडी वनको आश्रममा आइ बसेको देखाएका छन् । सूर्यदत्तको पुत्र सोमदत्तको उचित

© The Saptagandaki Journal. All Rights Reserved

शिक्षा दीक्षाको प्रबन्ध मिलाउने उद्देश्यले उनीहरूले आश्रमको बास रोजेको पाइन्छ । यो आश्रम कौशिकी किनार चतराको भूभागमा रहेको छ । यही भिल्ल बस्ती र किराँत बस्तीको मध्य भागमा पर्ने चतराको पवित्र माटोमा अवस्थित उक्त आश्रममा सोमदत्तको शिक्षा दीक्षाको सुरूवात हुन्छ । सोमदत्त पितासँगै स्नान, ध्यान गरी उच्च स्वरले मन्त्र पढ्दै जौ, तेल, धुप आदिको हवन गर्दै यज्ञवेदीमा व्यस्त हुन्छ । सुनसान ठाउँमा पिता पुत्रको वेदको उच्चारणले आश्रमको वातावरण नै रमाइलो हुन्छ । अध्ययनको काम सकेर सोमदत्त गाई लिएर कोशी तटमा पुग्छ जसको छेवैमा समथर हरिया फाँटहरू र नजिकै एउटा शमीको वृक्ष पनि रहेको देखिन्छ । यस्तो रमणीय स्थान कोशीको तटमा शमीको वृक्षमुनि एकदिन सोमदत्तको किँरात संस्कृतिकी एक केटी सुम्निमासँग परिचय हुन पुग्छ । फरक फरक संस्कृतिमा हुर्केका उनीहरू बीचमा तर्क र वादविवाद चल्न थाल्छ भने सोमदत्तले आफ्नो अध्ययनमा सुम्निमाको उपस्थितिले बाधा पर्न जाने देखेर आफ्नो आश्रमलाई नै त्यागेर अर्कै आश्रमतर्फ लागेको छ। सोमदत्तले आफ्नो आश्रम छोडेपछि सुम्निमाले अर्कै केटासँग बिहे गर्नु, सोमदत्तले विभिन्न स्थानमा गएर आफ्नो अध्ययन र तपस्या पूर्ण गर्नु, सोमदत्तले पुलोमा नामक ब्राह्मणीसँग बिहे गर्नु जस्ता घटनाले कथानकलाई अघि बढाएको देखिन्छ। सोमदत्त र पुलोमाबाट सन्तान उत्पति नभएपछि विरक्त बनेको सोमदत्तलाई उपन्यासकारले पुनः किँरात संस्कृतिकै गुरु बिजुवाको शरणमा पुऱ्याएको देखिन्छ। बिजुवाले सोमदत्तको मनुवा रिसाएको भन्दै उसलाई मनुवादहमा लगेर मनुवा खुसी पार्न छोरी सुम्निमालाई अह्राउँछ । मनुवादहमा सोमदत्तको मनुवा खुसी बनाइ दिएपछि सोमदत्त र पुलोमाको छोरा जन्मिन्छ। सुम्निमाको छोरी र सोमदत्तको छोरो फेरि त्यही शमीको वृक्ष भएको स्थानमा भेट हुन्छन् र साथी बन्छन् । पुलोमा र सोमदत्तको मृत्यु भएपछि सुम्निमा सोमदत्तको छोरालाई आफ्नो किँराती गाउँमा लैजान्छे र छोरीसँग विवाह गराइदिन्छे । आश्रम छोडी सोमदत्तको छोरो किँराती गाउँमा बस्छ । उसका धेरै सन्तान जन्मन्छन् । उसले बाबुको त्यो आश्रमलाई बारम्वार हेरिरहन्छ । यसरी सुम्निमा उपन्यासको कथानक अघि बढेको देखिन्छ ।

## सुम्निमा उपन्यासमा प्रयुक्त परिवेशीय मिथक

सुम्निमा उपन्यास बृहत् धार्मिक सांस्कृतिक सन्दर्भअनुसारका घटनाक्रमको बुनोटका साथै सोहीअनुसारकै पात्रहरूको प्रयोग भएको उपन्यास हो । उपन्यासले ग्रहण गरेको कथावस्तु र पात्रलाई हेर्दा यो उपन्यासभित्र मिथकीय घटनावली प्रयोग भएको देखिन्छ। तत्कालीन समयको धार्मिक परिवेश र दुई जातिबिचको सांस्कृतिक द्वन्द्व जस्ता पक्षमा अधारित रहेर उपन्यासको मिथकीय घटनावली अघि बढाइएको छ। विश्वामित्रको आश्रम तात्कालीन वेद, पुराण सम्मतका कृतिहरूमा वर्णित भएकाले र यो उपन्यास पनि सोही आश्रमकै घटनावलीबाट सुरू भएकाले यो उपन्यासमा पनि परिवेशीय मिथकता देख्न सकिन्छ ।

उपन्यासमा सोही विश्वामित्रको आश्रमलाई नै आधार बनाएर सोमदत्त र सुम्निमाजस्ता पात्रका माध्यमबाट घटनावली अघि बढाइएको छ । किँरात संस्कृतिकी देवी पारुहाङ समकक्षी सुम्निमाको केन्द्रीयतामा कथानक अघि बढेकाले र स्वयम् उपन्यासका भित्री पृष्ठमा पनि किँरात देशको एउटा कथा लेखेको हुनाले उपन्यासमा किँरातकालीन

 © The Saptagandaki Journal. All Rights Reserved

घटना पनि देखिन्छ । त्यसैले किँरातकालीन परिवेशमा पनि यो उपन्यास घटित भएको आधार पाउन सकिन्छ । यो उपन्यास विश्वामित्रको आश्रमबाट सुरू भएकाले मिथकीय परिवेश देख्न सकिन्छ भने किँरातकालीन समाजमा, किँरात जातिकै परिवेशमा पात्रको उपस्थिति गराई किँराती देवी पारूहाङ समकक्षीको सुम्निमालाई राखेर चर्चा गरिएकाले किँरातीय मिथक पनि भन्न सकिन्छ ।

सुम्निमा उपन्यासको घटना-उपघटनावली हेर्दा किँराती देवी पारूहाङ समकक्षी घटनालाई मिथकीकरण गरेर लेखेको देखिन्छ । यदि यसलाई मिथक मान्यौँ भने पनि समयावधि तोक्न मिल्दैन र ऋषि विश्वामित्रको आरण्य जीवनको घटना प्रसङ्गबाट कथा सुरू भएकाले पनि स्पष्ट समयावधि तोक्न मिल्दैन । उपन्यासमा तपस्वी आश्रम, राजा, तपस्याघनारत जस्ता सन्दर्भहरूको संयोजन तथा पात्रहरू पनि पौराणिक किसिमका प्रतीत हुनुले पनि यस उपन्यासको कालगत चेत मिथकीय हो भन्ने आधार देखिन्छ । उपन्यासकारले उपन्यास सुरू हुनुभन्दा अगाडि नै उपकथा शीर्षकमा सुम्निमा उपन्यासको कालगत मिथकका बारेमा आवश्यक सूचना दिएका छन् :

> धेरै धेरै वर्षको कुरा हो, अतितको धमिलो गर्भबाट आएको कि वर्तमानमा हाम्रो कानमा यो पुराण जस्तो ध्वनित हुन्छ । प्राचीन वृत्तान्तहरूलाई आजकलका हामी आफ्नो वैयक्तिक अनुभवद्वारा ग्रहण गर्न सक्दैनौ; ती हाम्रा जीवनका जीवित अनुभूति हुन सक्दैनन । ती पुराना घटनाहरूले सत्य र असत्यको माध्यमबाट आफूलाई एकदम मुक्त गरिसकेका हुन्छन् । दश हजार वर्ष बाँच्ने ऋषि वैज्ञानिक सत्य होइनन् न चित्रकारले कागजमा रङ्गले रातो सूर्य नै वैज्ञानिक सत्य हो । ती त प्रतीक हुन् । अनुभवभन्दा बाहिर पाउने सक्ने चाख प्रतीकात्मक हुन्छ, सङ्केतजनित । त्यसैले यो कथा सत्य र असत्यको तराजुमा नजोखिने यात्रा वृत्तान्त हो । यसको महत्त्व पौराणिक छ, सङ्केतमय, प्रतीकात्मक (पृ. १) ।

माथिको साक्ष्यमार्फत् सुम्निमाको विषयवस्तु प्राचीनतम् पौराणिक भएको तथ्य प्रस्तुत गरिएको छ जुन नजानिदो गरेर पुराणजस्तो ध्वनित हुन पुग्छ । उपन्यासका घटनावलीमा जति पनि प्रस्तुतिहरू छन् ती सबै प्रतीकात्मक र सङ्केत जनित यथार्थताका अभिव्यक्ति हुन् ।

वस्तुतः सुम्निमा उपन्यासको विषयवस्तु मिथकीय कुरालाई पृष्ठभूमि बनाउँदै संरचित यही सत्य उपन्यास हो भन्न सकिन्छ । उपन्यासकारले स्वयम् उपन्यासकै ‘उपकथा’ शीर्षकमा व्यक्त गरेको कथनबाट पनि थाहा हुन्छ । पुराणप्रसिद्ध विश्वामित्र ऋषिको आश्रम कौशिको चतरामा कुनै बेला भएको र सो पृथ्वीको गर्भमा लोप भएको कुरालाई उपन्यासकार कोइरालाले केही दन्त्यकथा समायोजन गरी यस मिथकीय उपन्यासको स्वरूप निर्माण भएको हो भन्ने तथ्य यसरी सङ्केत गरेका छन् :

> जुन कालको यात्रावृत्तान्त हो, त्यसवेला विश्वामित्र एउटा पौराणिक ऋषिका रूपमा मात्र स्मरणीय थिए । विश्वामित्रको शेषपछि त्यो स्थलको यज्ञवेदी निरग्नि भयो र यज्ञधुमले आकाश शून्य । सहस्र कण्ठबाट ध्वनित वेदपाठ थामियो । आश्रमका पर्णकुटीहरू केही कालसम्म शुन्यमा चिहाउँदै उभिरहे, फेरि एक एक गरेर भूमिसात हुँदै लोप भए । समीपमै पर्खिरहेको वनले विस्तार त्यो स्थललाई

आफ्नो मातृअङ्कमा पुनः टाँसेर लोप गरिदियो । एउटा उच्च स्थलको चिह्नको प्रयोगबाहेक अरू केही नरहेकाले जनश्रुतिको ऐतिहासिकतालाई बल प्राप्त हुन सकेन (पृ. २) ।

उपन्यासको थालनीमै स्थानसँग समयको सामञ्जस्य गराउँदै भनिएको छ : "कालान्तरमा त्यही थलोलाई रोजेर तापसी ब्राह्मण दम्पत्तिले आफ्नो आश्रम बनाए" (पृ. ३) । उपसंहारका अन्तिम दुई अनुच्छेदमा पनि जसरी त्रेतायुगमा विश्वामित्रको जनश्रुतिको बाँकी रह्यो त्यसरी नै सोमदत्तको आश्रम पनि किँरातीहरूमा जनश्रुति मात्र बाँकी रह्यो भन्ने कुरा उपन्यास भित्र यसरी व्यक्त गरिएको छ : "प्राचीन कालको एउटा आश्रमको अवशेष हो यो। किँरातीहरूमा एउटा जनश्रुति मात्र बाँकी रह्यो कि उनीहरूले ... भन्छन् त्यही ठाँउमा त्रेतायुगमा विश्वामित्रको पनि त्यस्तै अवस्था भएको थियो रे..." (पृ. ९४) ।

माथिका साक्ष्यहरूलाई हेर्दा के भन्न सकिन्छ भने यस उपन्यासको विषयवस्तुगत पृष्ठभूमि अति प्राचीनतम् हुनुका साथै किँराती जनश्रुति र मिथकलाई समायोजन गरी अतीतको धमिलो संस्करणत्मक कल्पनाको स्वैरकल्पित, प्रतीकात्मक र सङ्केतात्मक प्रस्तुतिमा अभिव्यक्ति हुन गएको स्पष्टतः देखा पर्छ। उपन्यासकारले विषयवस्तु सुरू हुनभन्दा अगाडि नै उपकथा शीर्षकमार्फत यसको कथावस्तुलाई सत्य र असत्यको तराजुमा नजोखिने एउटा यात्रा वृत्तान्त हो र यसको महत्त्व पौराणिक छ, सङ्केतमय र प्रतीकात्मक भने पनि किँराती मिथकलाई अगाडि सारेर लेखिएकाले यस उपन्यासलाई निकै रोचक र मिथकप्रधान मान्न सकिन्छ।

सुम्निमा उपन्यासको कथानक पौराणिक ऋषि विश्वामित्रको समयलाई आधारभूमि बनाएर लेखिएको हो । पूर्वी नेपालको चतरा वराह क्षेत्रमा बस्ने किँरात जातिको कथा उपन्यासमा वर्णन भएकाले यस उपन्यासले बहन गरेको काललाई किँरातकाल पनि भन्न सकिन्छ। किँराती दन्त्यकथाअनुसार हिमालको सृष्टि भएपछि भगवान्ले सृजना गरेको "बोखोपी र सन्तसुरुखको" दाम्पत्य जीवनबाट छोरी सुम्निमाको जन्म हुन्छ। सुम्निमा हुर्की बढी युवती भएपछि आकाशमा बास गर्ने पारूहाङसँगको प्रेममा कहिले आकर्षित र कहिले विकर्षित हुँदै अन्त्यमा दुवै दाम्पत्य जीवनको लगनगाँठोमा बाँधिन्छन् (चेमजोङ, २०२१ : ९-१०) । यसरी हेर्दा उपन्यासकी नायिका र किँराती दन्त्यकथाकी नायिकाको नाम मिल्न गएको देखिन्छ । उपन्यासमा किँरातकालीन पात्रहरू किँराती भूमि, रहन सहन, संस्कृति सबै किँरातकालीन परिवेशमा पूर्ण भएकाले र हिन्दू र किँरात संस्कृतिको द्वन्द्व देखाइ किँरात संस्कृतिकै विजय देखाउनुले पनि यो उपन्यास किँरातकालीन परिवेशलाई आधारभूमि बनाएर लेखिएको देखिन्छ। उपन्यासकारले उपन्यासको नामकरण गर्दा पनि किँरात देशको एउटा कथा भन्नुले पनि किँरातकालीन परिवेशमा घटित कथा हो भन्ने पुष्टि हुन्छ।

सूर्यदत्तको परिवारले गाउँ छाडेर आरण्य आश्रमका लागि प्रस्थान गर्नु नै सुम्निमा उपन्यासको किँरातकालीन समयको मुख्य घटना हो। पुत्र सोमदत्तलाई ब्राह्मणोचित सद्धर्मको र उच्च जीवनको शिक्षा दिन आश्रमको समय नै उपयुक्त मानिन्छ। सोमदत्त बिहानै उठेर बाबुसँग नुहाउन जानु, गायत्री मन्त्र जप गर्नु, सूर्यको प्रथम किरणसँगै रविबन्दना गर्नु जस्ता कार्यहरूले प्रभातकालीन समयको ब्राह्मण मिथकीय संस्कृतिको परिवेशलाई झल्काएको छ। . . ." (पृ. १६) ।

 © The Saptagandaki Journal. All Rights Reserved

किँराती समाजमा कुनै पनि महत्त्वपूर्ण निर्णय गर्दा समाजको प्रमुख व्यक्तिको घरमा भेला भई सम्पन्न गर्ने चलन छ । राजाज्ञाले गोबध निषेध गरेपछि उनीहरूले महत्त्वपूर्ण निर्णय लिनु पर्ने देखिन्छ । उनीहरूले सो निर्णय गर्नका लागि रातको समय चुनेको देखिन्छ । किँरातीहरूले महत्त्वपूर्ण निर्णय लिँदाको रात्रीकालीन परिवेशलाई यसरी देखाइएको छ : “रातभरि बिजुवाको घरमा किँरातीहरूको सभा भयो । उनीहरूले एउटा गाई काटेर भोज खाए र खुब जाँड पिएर लट्ठ भए. . .” (पृ. १३) ।

सोमदत्त तपस्याका लागि आश्रमै छोडेर हिँड्छ । सुम्निमाले उसलाई धेरै वर्षसम्म पर्खन्छे र अन्त्यमा भिल्ल केटोसँग बिहे गर्छे। तपस्या सफल भएपछि सोमदत्त पनि घर फर्कन्छ। पुत्र सोमदत्तबाट आमाले दिनभरि धार्मिक प्रवचन सुन्ने गर्छिन्। एकदिन ब्राह्मण दम्पति सोमदत्तलाई छोरी दिन आश्रम आउँछन् । अतिथि देवो भवः भन्दै सूर्यदत्तको परिवारले स्वागत गर्छन् । यहाँ तत्कालीन समयमा ब्राह्मण समाजमा पाहुनालाई भगवान्को रूपमा लिएको देखिन्छ । पुलोमा र सोमदत्तको बिहेपश्चात् ब्राह्मण दम्पत्ति सन्यासी जीवनका लागि प्रस्थान गर्छन् । यी सबै घटनाक्रमहरू त्यस समयको किँराती भूमिमा अवस्थित ब्राह्मण आश्रममा घटेका घटनाहरूको कालगत मिथकीय परिवेशलाई पुष्टि गर्न आएको देखिन्छ ।

उपन्यासमा सोमदत्त र पुलोमाको सन्तान नहुनु, पुलोमाको रजोदर्शन हुँदा चार दिनसम्म आश्रम बाहिरै बस्नु, सोमदत्त निराश भएर बिजुवा कहाँ पुग्नु, लामो समयपछि सोमदत्त र सुम्निमाको भेट हुनु, सुम्निमाले बाबुको सल्लाह अनुसार सोमदत्तको मनुवा ठीक पार्नु, साँझपख पुलोमाले भिल्ल युवकलाई सम्झेर बस्नु, सोमदत्त कामोत्तेजित भएर रातभरि पुलोमासँग यौन सम्पर्क गर्नु र बिहान उठ्दा दुवैजनाले स्वर्गीय आनन्द प्राप्त गर्नु जस्ता घटनावलीले उपन्यासमा प्रयुक्त कालगत परिवेशलाई पुष्टि गर्न आएको देखिन्छ । पुलोमाले छोरो जन्माउनु, सोमदत्तको छोरो र सुम्निमाकी छोरीको फेरि शमीको वृक्षमुनि भेट हुनु, दिनभरि कोशी तटमा घुम्नु, पौडी खेल्नु, प्रेम गर्नु जस्ता घटनाले उपन्यासमा प्रयुक्त बिहान, दिउँसो, राति जस्ता समय खण्डलाई आधार बनाएर अघि बढेको देखिन्छ । पुलोमाको मृत्यु भएको केही समयपछि सोमदत्तको मृत्यु हुन पुग्छ । सुम्निमाले आफ्नी छोरी र सोमदत्तको छोरोको बिहे गराइ दिन्छे र केही समयपछि सुम्निमाको पनि मृत्यु हुन्छ । सोमदत्तका छोरो र सुम्निमाको छोरीले धेरै सन्तान जन्माउँछन् । सोमदत्तको छोरोले आफ्ना सन्तानलाई तिमीहरूको जिबाको आश्रम भन्दै तलको जङ्गललाई देखाउँछ, जसलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ : “. . .ढुङ्गामा बसेर सोमदत्तको छोरोले तलको आश्रम हेरि रहन्थ्यो र आफ्ना छोराछोरीलाई भन्थ्यो, -ऊ : त्यहाँ तिमीहरूको जिबाको आश्रम थियो” (पृ. ९४) ।

माथिको उद्धरणले सोमदत्तको समय, सोमदत्तको छोराको समय र उसका नाति नातिनाको समय गरी तीन पुस्तालाई स्पष्ट तोकेको किनदेखिन्छ भने उपन्यासको अन्त्यका दुई अनुच्छेदमा पनि भनिएको छ : “. . .सोमदत्तको छोरो र सुम्निमाकी छोरीको मृत्युपछि उनीहरूका सन्तानले आश्रमको थलोलाई चटक्कै बिर्सँदै गए । प्राचीन कालको एउटा आश्रमको अवशेष हो यो । किँरातीहरूमा जनश्रुति मात्रै बाँकी रह्यो....” (पृ. ९४) । त्यस्तै “भन्छन् त्यही ठाउँमा त्रेतायुगमा विश्वामित्रको पनि त्यस्तै अवस्था भएको थियो रे । वन र आकाशको नीरवतामा लोप भयो सोमदत्तको आश्रम...” (पृ. ९४) । यिनै उपन्यासका कथनले पनि सुम्निमा उपन्यासमा प्रयुक्त किँरातकालीन मिथकीय परिवेशअन्तर्गत तीन पुस्ते समयावधिलाई वहन गरेको देखिन्छ ।

## मिथकीय सामाजिक परिवेश

सुम्निमा दुई भिन्न मिथकीय सामाजिक धरातलका पात्रको प्रयोग गरी लेखिएको उपन्यास हो । यहाँ आर्य समाज र किँरात समाज गरी दुई फरक फरक परिवेश भएको कथानलाई देखाइएको छ । सोमदत्त आर्य समाजको प्रमुख पात्र हो भने सुम्निमा किँरात समाजकी प्रतिनिधि पात्र हो । यही आर्य समाज र किँरात समाजको केन्द्रीयतामा उपन्यासको घटनावलीलाई अघि बढाइएको छ । उपन्यासमा मुख्य गरी दुई समाजको बारेमा चर्चा गरिएको छ :

- आर्यको सामाजिक वातावरण,
- किँरातको सामाजिक वातावरण,

आर्यहरूको समाज ज्यादै जटिल, कृत्रिम र औपचारिक देखिन्छ । सोमदत्त उपन्यासमा धर्मसंस्कृतिप्रति अटल निष्ठा राख्ने तथा अन्ध परम्परवादी तपस्वी देखिन्छ । सोमदत्तमा जस्तो जीवनदर्शन छ त्यस्तै जीवन दर्शन त्यतिबेलाको आर्यहरूको समाजमा देखिन्छ (भट्टराई, २०५३ : १५५) ।

आर्यहरूको समाज सामन्ती किसिमको देखापर्छ । आफ्नो धर्म र संस्कृतिको हितमा अरूको धर्म संस्कृतिमाथि नै दमन गर्नु यसको राम्रो उदाहरण हो भन्न सकिन्छ । आफू शिक्षित भएकाले समाजमा सबैभन्दा उच्च ढान्ने प्रवृति बोकेका आर्यहरूले अरूलाई अज्ञानी र कुसंस्कृत भनी नराम्रो व्यवहार गर्दथे जसलाई उपन्यासमा यसरी देखाइएको छ : “हामीहरू आर्यका सन्तति हौं, सुसंस्कृत छौं । तिमीहरू संस्कृतिविहीन बर्बर जातिका किँरात हौं” (पृ. ६) । त्यतिबेलाका आर्यहरूले जातका आधारमा सानो ठुलो, सभ्य असभ्य जस्ता कुराहरू मनमा बोकेर समाजमा भेदभावको सीमा कोरेको देखिन्छ । उपन्यासमा सोमदत्त यस्तो कृतिम वातावरणमा हुर्किएको छ, जसले आफ्नो स्वेच्छाले कुनै काम पनि गर्न पाउँदैन । ऊ किशोर अवस्थादेखि नै आफ्नो बाबुको नियन्त्रणमा पर्छ र बावुकै इच्छाअनुसार जीवनयापन गर्छ । धर्मको नाममा आफ्नो यौनेच्छासमेत दमित गरेको सोमदत्तले माता पिताको आग्रहमा विवाह गर्नु, पुत्रप्राप्तिका लागि मात्र पत्नीसँग सहवास गर्नु, गर्भ नरहदा पत्नीलाई दोषी देख्नु जस्ता अन्धपरम्पराको वातावरण आर्य समाजमा देखिएको छ । त्यतिबेला आर्य समाजमा धर्मले नराम्रो प्रभाव पारेको देखिन्छ । धर्मका नाममा सोमदत्तले आफ्नी पत्नी, पुत्र र दाम्पत्य जीवनप्रति नै उदासिन देखाउनु नै आर्य समाजको खोक्रो आदर्श हो । उपन्यासमा पुलोमाले पतिबाट जुन उपेक्षाभाव र अपमान सहनु पर्छ त्यसबाट आर्य समाजमा महिलाको सामाजिक स्तर कस्तो अवस्थामा रहेको थियो भन्ने कुराको जानकारी हुन्छ । पुलोमाले सुरूमा भिल्ल युवकलाई मन पराउनु तर आमाको डरले बाहिर ननिस्कनुले पनि आर्यहरूको समाजमा नारी स्वतन्त्रताको दमन थियो भन्ने कुराको पुष्टि हुन्छ ।

उपन्यासमा सुम्निमाको कार्यभूमिकाका माध्यमबाट किँराती समाजको चित्रण भएको पाइन्छ । किँराती समाज पहाडिया समाज हो । उनीहरू खोक्रो आदर्शभन्दा पर यथार्थताको धरातलमा बाँचेका छन् । सरल जीवनयापन गरेका किँरातीहरू प्रकृतिलाई माया गर्छन् । उनीहरू आफ्नो शरीरलाई माया गर्छन् र स्वतन्त्र जीवन जिउन चाहन्छन् । स्वतन्त्र जीवन बिताएका उनीहरूले कसैको अन्याय सहन गर्न सक्दैनन् भन्ने उनीहरूको सामाजिक वातावरणलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ : “बिजुवाबा ! बरू यो अन्याय सहनुभन्दा त मरेर सखापै हुनु वेश हो” (पृ. १२) । किँरात समाजकी नारी स्वतन्त्र छे । उसले समाजमा कुनै अपमान वा यातना सहनु परेको

 © The Saptagandaki Journal. All Rights Reserved

छैन । किँराती समाजमा छोरीले पनि आफै केटो चयन गरेर घरमा ल्याउन पाउँछे भने कुराको उदाहरणको रूपमा सुम्निमाकी छोरी आएकी छे । उसका इच्छा, चाहना, निर्णय र कार्यप्रति समाज र परिवारले कुनै प्रभाव पारेका छैनन् बरू उनीहरु समर्थक बनेका छन् । किँरातीहरू एउटै समाजमा बसेपछि सहयोग गर्नुपर्छ भन्ने मान्यता राख्छन् । सूर्यदत्तको परिवार आरण्य आश्रममा आउँदा जङ्गल फाँडेर आश्रम बनाइदिनु, दुध खानका लागि गाईको व्यवस्था गरिदिनु, पुलोमाको मृत्यु हुँदा सहयोग गर्नु, सोमदत्तको मृत्युपछि दाहसंस्कार गर्नु जस्ता कार्यले किँरात मिथकीय समाजको सहयोगी वातावरणलाई झल्काएको छ ।

## मिथकीय सांस्कृतिक परिवेश

सोमदत्तले उपन्यासमा गरेका हरेक कार्यहरू आर्य सांस्कृतिक परिवेशमा पूर्ण भएका छन् भने सुम्निमाले गरेको हरेक कार्यहरू किँरात सांस्कृतिक वातावरणमा पूर्ण भएका छन् । आर्यहरूको सांस्कृतिक परिवेशअनुसार उपन्यासमा सूर्यदत्तले पुत्र सोमदत्तको पुरोहितबाट द्विज धर्मानुकूल ब्रतबन्ध सम्पन्न गरि दिन्छन् । त्यसपछि छोराको शिक्षाको उचित प्रबन्धको लागि आरण्य आश्रमतर्फ प्रस्थान गर्छन् । आश्रमबासी भैसकेपछि सोमदत्त ब्राह्मण मुर्हतमा उठेर नदीमा स्नान गर्नु, मौन व्रत धारण गर्नु, प्रणयामको लामो क्रिया गर्नु, सूर्यको मन्त्रपाठ गर्दै रविबन्दना गर्नु, आरणीद्वारा अग्नि मन्थन गरेर यज्ञवेदीमा आहवनीय स्थापना गर्नु, उच्च कण्ठले मन्त्रोच्चारण गर्दै चामल, घिउ, तिल, मिसाएको चरूको हवन गर्नुजस्ता कार्यले उपन्यासमा आर्य संस्कृतिको मिथकीय सांस्कृतिक वातावरणलाई चित्रण गरेको छ । सोमदत्तले आश्रममा रहँदा अधिकांश भाग देव र पितृ उपासनामा विताएर देवप्रसादका रूपमा पञ्चामृतले मुख शुद्ध पारेको देखिन्छ । आश्रममा राजाले गाईको वध र अन्य पशुहरूको हिँसा गर्न निषेध गर्नु, हिन्दू धर्मानुकूल स्थापित अग्निवेदीमा परिक्रमा गरी सोमदत्त र पुलोमाले बिहे गर्नु, मन्त्रोच्चारण गरी विधिपूर्वक सन्तान उत्पत्तिका लागि मात्र यौन सम्पर्क गर्नु, पुलोमा पतिपरायण स्त्री बन्नु, रजोदर्शन भएको बेला छुट्टै बस्नु जस्ता घटनावली उपन्यासमा आर्य मिथकीय संस्कृतिको वातावरणमा सम्पन्न भएका छन् ।

किँरात संस्कृतिको प्रतिनिधित्व सुम्निमाले गरेको हुँदा यहाँ हरेक कार्य किँराती मिथकीय पर्यावरणमा सम्पन्न भएका छन् । सुम्निमा उपन्यासमा नाङ्गै देखिने पनि किँरातीहरूको सांस्कृतिक विशेषता मान्न सकिन्छ । उपन्यासमा रातभरि बिजुवाको घरमा किँरातीहरूको सभा बस्नु, उनीहरूले गाई काटेर खानु, जाँड खाएर लट्ठ पर्नु, सुम्निमा र उसकी आमाले रातभर पाहुनाको सेवा गर्नु जस्ता घटनाले किँरात संस्कृतिको वातावरणलाई झल्काएको देखिन्छ । सुँगुर पाठा चढाउने नयाँ ठाउँ बिजुवाले तोक्ने कुरा गर्नु, सबै भिल्ल तथा किँरातीहरूले बिजुवाको कुरा मान्नु, जस्ता मिथकीय घटनावली पनि देखिन्छन् । त्यस्तै, आफ्नो शरणमा पर्न आएको आर्य संस्कृतिको ब्राह्मण सोमदत्तलाई सहयोग गर्नु, पुलोमाको मृत्युपछि सुम्निमाले गाउँबाट मान्छे पठाउनु, सोमदत्त विरामी भएको बेला आश्रममा भेट्न जानु जस्ता घटनावलीले उपन्यासमा प्रयुक्त किँराती मिथकीय सांस्कृतिक वातावरणलाई देखाइएको छ ।

प्रस्तुत सुम्निमा उपन्यासमा आर्य संस्कृति र किँरात संस्कृतिको मिथकीय कथानकलाई समेटेको पाइन्छ । पात्र अनुसार नै संस्कृतिको प्रयोग गरिएको यस उपन्यासमा सोमदत्तको परिवारले आर्य मिथकीय संस्कृतिको वातावरणमा

कार्य पूरा गरेको छ भने सुम्निमाको परिवारले किँरात मिथकीय संस्कृतिको वातावरणको प्रयोग गर्दै आफ्नो कार्य पूरा गरेको देखिन्छ । त्यसैले यस उपन्यासलाई मिथकीय परिवेश बोकेको उपन्यास हो भन्न सकिन्छ ।

## निष्कर्ष

सुम्निामा उपन्यासमा आर्य र किँराती सस्स्कृतिको मिथकहरुको कुशल संयोजन गरिएको छ । आर्यहरुको नित्यकर्म अनि किँरातीहरुको नित्यकर्महरुलाई मिथकीय रूप निर्माण गरी उपन्यासको सिर्जना गरिएको छ । आर्य संस्कृतिको पक्षपोषण सोमदत्त कठोर हिन्दुत्वको परिपालना गर्दछ भने किँराती सभ्यताकी परिचायक सुम्निमा किँराती सभ्यताको पक्षपोषण गर्दछे । किँरात संस्कृतिको प्रतिनिधित्व सुम्निमाले गरेको हुँदा यहाँ हरेक कार्य किँराती मिथकीय पर्यावरणमा सम्पन्न भएका छन् । सुम्निमा उपन्यासमा नाङ्गै देखिने पनि किँरातीहरूको सांस्कृतिक विशेषता मान्न सकिन्छ भनेआर्यहरूको सांस्कृतिक परिवेशअनुसार उपन्यासमा सूर्यदत्तले पुत्र सोमदत्तको पुरोहितबाट द्विज धर्मानुकूल ब्रतबन्ध सम्पन्न गरि दिन्छन् । त्यसपछि छोराको शिक्षाको उचित प्रबन्धको लागि आरण्य आश्रमतर्फ प्रस्थान गर्छन् । आश्रमबासी भैसकेपछि सोमदत्त ब्राह्मण मुर्हतमा उठेर नदीमा स्नान गर्नु, मौन व्रत धारण गर्नु, प्रणयामको लामो क्रिया गर्नु, सूर्यको मन्त्रपाठ गर्दै रवि बन्दना गर्नु, आरणीद्वारा अग्नि मन्थन गरेर यज्ञवेदीमा आहवनीय स्थापना गर्नु, उच्च कण्ठले मन्त्रोच्चारण गर्दै चामल, घिउ, तिल, मिसाएको चरूको हबन गर्नु जस्ता कार्यले उपन्यासमा आर्य संस्कृतिको मिथकीय सांस्कृतिक वातावरणलाई चित्रण गरेको छ ।

## सन्दर्भसामग्री

उपाध्याय, केशवप्रसाद. (२०६१). *पूर्वीय साहित्य सिद्धान्त,* (चौथो संस्करण). ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद. (२०६६). *सुम्निमा* (आठौँ संस्करण). ललितपुर : साझा प्रकाशन ।

गड्तौला, नारायणप्रसाद (२०६८). 'नेपाली महाकाव्यको मिथकीय अध्ययन' अप्रकाशित विद्यावारिधि शोप्रबन्ध.त्रि. वि ।

गौतम, लक्ष्मणप्रसाद (२०५७), *सान्दर्भिक समालोचना,* काठमाडौँ : भुँडीपुराण ।

नागेन्द्र (१९८७) . *मिथक और साहित्य.* (दोस्रो संस्करण) नई दिल्ली : नेशनल पब्लिसिङ्ग हाउस ।

पराजुली, मोतीलाल (२०६५/०६६), "महाकवि देवकोटा र ग्रिसेली मिथक", *कुञ्जिनी,* (देवकोटा विशेषाङ्क), पृ. १२-१७ ।

फ्रायड (इ. २००७), *मनोविश्लेषण,* अनु., देवेन्द्रकुमार, दिल्ली : राजपाल एन्ड सन्ज ।

बराल, कृष्णहरि. (२०६१),*वस्तुपरक समालोचना,* काठमाडौँ : स्टुडेन्ट बक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

भण्डारी, महेन्द्र (२०७०), 'वासुदेव त्रिपाठीका काव्यमा मिथक', अप्रकाशित दर्शनाचार्य शोप्रबन्ध.त्रि. वि ।

राणा, जगदीश शमशेर (२०४५), दश दृष्टिकोण, काठमाडौँ : श्रीमती भुवन राणा ।

शम्भुनाथ (इ. १९८५), *मिथक और आधुनिक कविता,* नयी दिल्ली : नेशनल पब्लिशिंग हाउस ।

सिंह, मालती (इ. १९८८), *मिथक एक अनुशीलन,* इलाहाबाद : लोकभारती प्रकाशन ।

 © The Saptagandaki Journal. All Rights Reserved